# अनलाइन बालयौन दुर्व्यवहारबारे जानकारी




VOICE OF CHILDREN 2057
kinder not hilfe
german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

# अनलाइन बालयौन दुर्व्यवहारबारे जानकारी

सामाजिक सञ्जालहरू- फेसबुक, म्यासेन्जर, टिकटक, युट्युब, भाइबर, ट्वीटर, ह्वाट्स्एप, ईमो, ईन्स्टाग्राम, टेलिग्राम आदि प्रयोग गरी बालबालिकाको शारीरिक, मानसिक, शैक्षिक, नैतिक, सामाजिक विकासमा नकारात्मक असर पर्ने क्रियाकलापहरू अनलाइनबाट हुने दुर्व्यवहार हो। बालबालिका अनलाइनको माध्यमबाट सबैभन्दा बढी यौन दुर्व्यवहार र शोषणमा पर्ने गरेका छन् । वयष्क व्यक्तिहरूले आफ्नो यौन चाहना पुरा गर्न, पैसा वा अन्य लाभ लिन र बदलाको भावना लिई बालबालिकालाई यौन दुर्व्यवहार र शोषण गर्दछन् । ठुला व्यक्तिको नक्कल तथा उनीहरूबाट परिचालित भएर बालबालिका स्वयंले आफ्ना साथीहरूलाई पनि अनलाइनबाट दुर्व्यवहार र शोषण गर्दछन् ।

VOICE OF CHILDREN 2057

kinder not hilfe

german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

# अनलाइनबाट हुने बालयौन दुर्व्यवहार र शोषणका स्वरूपहरू




VOICE OF CHILDREN 2057
kinder not hilfe
german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

# अनलाइनबाट हुने बालयौन दुर्व्यवहार र शोषणका स्वरूपहरु

**अनलाइन ग्रुमिङ्ग** : परिचित वा अपरिचित व्यक्तिले सामाजिक सञ्जालमा नजिक हुन बालबालिकाको प्रशंसा गर्ने, व्यक्तिगत कुरामा सहानूभुति राख्ने, उपहार दिएर प्रलोभनमा पारी फकाउँदै सम्बन्ध विस्तार गर्ने जस्ता कार्यहरु अनलाइन ग्रुमिङ्ग हो ।

**साइबर बुलिङ्ग** : सूचना र सञ्चार प्रविधिका उपकरणहरु प्रयोग गरि अर्को व्यक्तिलाई मन नपर्ने सन्देश, फोटो तथा भिडियो पठाउने, जिस्काउने, होच्याउने, हैरानी पार्ने कार्यहरु साइबर बुलिङ्ग हो । अनलाइनबाट कसैको बारेमा नकारात्मक र गलत सामग्री पठाउनु, पोष्ट गर्नु र सेयर गर्नु पनि बुलिङ्ग हो ।

**सेक्स्टिङ्ग** : सामाजिक सञ्जालबाट यौनजन्य सन्देशहरु, फोटोहरु र भिडियोहरु अरूलाई पठाउनु र आफुले प्राप्त गर्नु सेक्स्टिङ्ग हो । कुनै पनि व्यक्तिले बालबालिकालाई यौनजन्य क्रियाकलापमा उत्प्रेरित गरी सहभागी गराउन यस्ता सन्देशहरु पठाउने गर्दछन् ।

**सेक्स्टोर्सन** : सामाजिक सञ्जालमा आदानप्रदान गरिएका यौनजन्य सन्देश, फोटो र भिडियोहरु अरूलाई पठाइदिन्छु भनि धम्की दिनु सेक्स्टोर्सन हो । दुराचारीहरूले यस्ता सामग्रीहरु परिवार वा साथीलाई पठाईदिने र अनलाइनमा पोष्ट गरिदिने भनेर धम्की दिदै बालबालिकालाई यौनजन्य क्रियाकलापमा संलग्न हुन बाध्य गराउँदछन् ।

**फिसिङ्ग** : इमेल, सामाजिक सञ्जाल र वेबसाइटबाट महत्वपूर्ण सूचना, पासवर्ड, क्रेडिट कार्ड नम्बर लगायतका गोप्य सूचनाहरु पत्ता लगाई दुरूपयोग गर्नु फिसिङ्ग हो । ह्याकरहरूले बालबालिकाको प्रयोग गरी अरूलाई फसाउने र नोक्सानी गराउने गर्दछन् ।

**लाईभ स्ट्रिमिङ्ग** : अनलाइनमा आफ्ना गतिविधिहरु लाइभ रेकर्डिङ र प्रसारण गर्नु लाईभ स्ट्रिमिङ्ग हो । दुराचारीहरूले बालबालिकालाई प्रलोभनमा पारि आर्थिक लाभ देखाई सामाजिक सञ्जालमार्फत अश्लिल नाच र यौन कार्य प्रदर्शन गर्न लगाउने गर्दछन् ।

**अनलाइन गेम एडिक्सन** : अनलाइनमा लामो समय र अत्यधिकरूपमा खेल खेलिरहने बानी र व्यवहारलाई अनलाइन गेम एडिक्सन भनिन्छ । बालबालिकामा यसको लत बसेपछि वास्तविक दुनियाँ नै बिर्सिएर उनीहरु अध्ययन तथा अन्य कार्यहरु गर्नै नसक्ने हुन्छन् ।

VOICE OF CHILDREN 2057

kinder not hilfe

german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

# अनलाइन बालयौन दुर्व्यवहार सम्बन्धी तथ्यहरू



VOICE OF CHILDREN 2057

kinder not hilfe

german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

# अनलाइन बालयौन दुर्व्यवहार सम्बन्धी तथ्यहरू

- आ.ब. २०८१/०८२ मा नेपाल प्रहरी केन्द्रीय साईबर ब्यूरोबाट प्राप्त तथ्याङ्क अनुसार ७७२ जना बालबालिका (बालक ३५१ र बालिका ४२१) साइबर अपराधमा परेको भनी उजुरी दर्ता भएका थिए ।
- सन् २०२३ मा भ्वाईस अफ चिल्ड्रेन र केएनएच जर्मनीले कोशी र बाग्मती प्रदेशका ५१४ बालबालिका, परिवार तथा बालसंरक्षण र बालन्यायसँग सम्बन्धित सरोकारवालाहरूसँग गरेको अध्ययनमा सहभागी बालिकाहरूमध्ये ३८.६०% ले यौनजन्य सन्देशहरू, ३४% ले अश्लील फोटाहरू, १३.६०% लाई अश्लील लिङ्ग र भिडियोहरू आएको तथा ६.८०% ले अनलाइनबाट अन्य दुर्व्यवहार र शोषणमा परेको बताएका छन् । यसैगरी बालकहरूमध्ये ३२.३०% ले यौनजन्य सन्देशहरू, २९.२०% ले अश्लील फोटाहरू, १५.४०% लाई अश्लील लिङ्ग र भिडियोहरू आएको तथा ६.२०% ले अनलाइनबाट अन्य दुर्व्यवहार र शोषणमा परेको बताएका छन् ।
- सन् २०२० मा युनिसेफ र चाईल्डसेफनेटले गरेको अनलाइन सम्बन्धी अध्ययनमा सहभागी भएका बालबालिका मध्ये ४२% ले अनलाइनमा यौनजन्य सामग्रीहरू हेर्ने गरेको बताएका थिए ।
- सन् २०१७ मा भ्वाईस अफ चिल्ड्रेन र एक्प्याट लक्जम्बर्गले काठमाडौं उपत्यकाका ५ देखि १२ वर्ष उमेर समुहका ४५२ बालबालिकासँग गरिएको सर्वेक्षण अनुसार ७५% बालबालिकाले अनलाइनबाट हुने यौन दुर्व्यवहारबाट सुरक्षित हुने उपायहरूबारे थाहा नभएको बताएका थिए ।

VOICE OF CHILDREN 2057


kinder not hilfe

german cooperation
DEUTSCHE ZUSAMMENARBEIT



४

# अनलाइन दुर्व्यवहार शोषणका असरहरू



# अनलाइन दुर्व्यवहार र शोषणका असरहरू

- बालबालिकाको अनुहार मलिन, थाकेको र निद्रा नपुगेको जस्तो देखिने,
- उदासीपन र खिन्नता महसुस,
- समुदाय तथा साथीसंगीहरूसँग पनि सम्बन्ध राख्न नरूचाउने,
- अरूसँग बोल्न, समूहमा बस्न र कुनै काममा सहभागी हुन नरूचाउने,
- अरूलाई विश्वास नगर्ने र सधैं शंकालु हिसाबले हेर्ने,
- पढाईमा ध्यान दिन नसक्ने र अन्य क्रियाकलापहरूमा पनि मन नलाग्ने,
- आफ्ना कुरा तथा भावनाहरू अरूलाई बताउन मन नलाग्ने,
- आत्म-विश्वासमा कमी, तर्सिने, झस्कने र एकोहोरो हुने,
- डर, तनाव, चिन्ता र चिडचिडाहट अवस्थामा देखिने र खाना अरूची हुने,
- अरू प्रति घृणा गर्ने र अरूले बोलेको वा भनेको कुरामा विश्वासै नगर्ने,
- अस्वभाविक व्यवहारहरू- रूने, कराउने र आफुलाई हानी हुने कार्य गर्ने,
- झर्कने, रिसाउने लगायत आक्रमक व्यवहारहरू देखाउने
- आँखा, पेट, टाउको, नशा लगायत स्वास्थ्यसम्बन्धी समस्या हुने,
- जीवनप्रति उदासीपन, खिन्नता र दिक्दारी महसुस गर्ने,
- आफुलाई नै दोषी ठान्ने र हिनता बोध गर्ने,
- जीवनप्रति नैराश्यता भई आत्महत्याको समेत प्रयास गर्ने ।

VOICE OF CHILDREN 2057
kinder not hilfe
german cooperation DEUTSCHE ZUSAMMENARBEIT



# सामाजिक सञ्जालबाट हुने बालयौन दुर्व्यवहार र शोषणबाट सुरक्षित रहने उपायहरू



VOICE OF CHILDREN 2057

kinder not hilfe

german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

# सामाजिक सञ्जालबाट हुने बालयौन दुर्व्यवहार र शोषणबाट सुरक्षित रहने उपायहरु

- आफ्नो फेसबुक वा अन्य सामाजिक सञ्जालको पासवर्ड राख्दा अक्षर, संकेत र अंक मिलाएर राख्ने ।
- आफ्नो फेसबुक वा अन्य सामाजिक सञ्जालको पासवर्ड र पिनकोर्ड कसैलाई पनि नदिने ।
- सामाजिक सञ्जालमा आफ्नो व्यक्तिगत विवरण नराख्ने ।
- आफ्नो सामाजिक सञ्जालमा Privacy Setting मिलाउने ।
- चिनजानका व्यक्तिहरूलाई मात्र सामाजिक सञ्जालमा साथी बनाउने ।
- थाहा नभएको, अपरिचित व्यक्तिहरूले पठाएको शंकास्पद वेबसाईटहरू नखोल्ने ।
- कसैको दबाब, प्रलोभन र डरमा सामाजिक सञ्जालमा फोटो र भिडियो नराख्ने र यौनजन्य क्रियाकलापमा संलग्न नहुने ।
- अनलाइनमा चिनेको भरमा कसैलाई पनि भेट्न नजाने ।
- बालबालिकाले सामाजिक सञ्जालमा गरेका क्रियाकलापहरूमा निगरानी राख्ने र सामाजिक सञ्जाल चलाउँदा आईपरेका समस्याहरू खुलेर भन्न अभिप्रेरित गर्ने ।


VOICE OF CHILDREN 2057

kinder not hilfe

german cooperation
DEUTSCHE ZUSAMMENARBEIT



# अनलाइन यौन दुर्व्यवहारविरुद्धका केही ऐन तथा कानुनहरू




VOICE OF CHILDREN 2057

kinder not hilfe

german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

# अनलाइन यौन दुर्व्यवहारविरूद्धका केही ऐन तथा कानुनहरू

**विद्युतीय कारोबार ऐन २०६३ को दफा ४७ अनुसार,**

(१) कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनि रोक लगाएका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति र सम्प्रदाय बीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

**मुलुकी अपराध संहिता २०७४ को दफा ३०० अनुसार,**

कसैलाई डर त्रास वा दुःख हैरानी दिने, अपमान वा बेइज्जत गर्ने बदनियतले कुनै चिट्ठी पत्र, पर्चा वा अन्य कुनै किसिमको लिखत लेखी, लेखाई वा विद्युतिय माध्यमद्वारा धम्की दिने, सताउने, जिस्क्याउने वा अन्य कुनै किसिमले अनुचित व्यवहार गराउनेलाई एक बर्ष कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

**सूचना प्रविधि ऐन २०७४ को दफा ७५ अनुसार,**

विद्युतिय माध्यममा बालयौन दुराचारसम्बन्धी सामग्री संकलन, सञ्चय, प्रकाशन तथा प्रसारण गरेको पाईएमा कसुरको आधार (जहाँ तीनवटा उप-दफामा व्याख्या गरिएको छ) मा अधिकतम ३ देखि ५ लाखसम्म जरिवाना र १ बर्षसम्म जेल सजाय हुन सक्नेछ ।

**बालबालिका ऐन, २०७५, को परिच्छेद-८, दफा ६६ (३) अनुसार,**

अश्लील चित्र, श्रव्यदृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा गराउने गरेमा पचहत्तर हजार रूपैयाँ सम्म जरिवाना र तीन वर्षसम्म कैद हुने ।

VOICE OF CHILDREN 2057

kinder not hilfe

german cooperation
DEUTSCHE ZUSAMMENARBEIT